## जातीय समानताको प्रवर्द्धनमा वर्तमानमा रहेका र योजनाबद्ध उपाय

## कृषि, मत्स्यपालन र संरक्षण विभाग

कृषि, मत्स्यपालन र संरक्षण विभाग (AFCD) ले कृषि र मत्स्यपालन, प्रकृति संरक्षण र जनावर, विरुवा र मत्स्यपालन नियममा रहेर जनतालाई सेवा प्रदान गर्दछ। हामी AFCD मुख्यालय आउने जनतालाई, सबै सदस्यद्वारा उनीहरूको जातीय पृष्ठभूमिको प्रवाह नगरी जाच सेवामा समान पहुच राख्ने महत्व राख्दछौ। यस्ता जाच सेवामा समान पहुचको प्रावधानको प्रवर्द्धन गर्न लिएका उपायहरू निम्नलिखित छन्।

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • AFCD मुख्यालयको Cheung Sha Wan Government Offices को 5/F मा जनताले रिसेप्सन काउन्टरको सेवाको प्रयोग गर्न सक्छन (तल उल्लेखित गरे बमोजिम "5/F को रिसेप्सन काउन्टर, CSWGO", *वा* "रिसेप्सन काउन्टर")। यदि रिसेप्सन काउन्टरको संरक्षण गर्ने विविध जातिको व्यक्ति राम्रो सँग बोल्न वा लिखित चाइनिज वा अंग्रेजीमा संवाद गर्न सक्षम छैन भने, जहाँ आवश्यक र उपयुक्त छ, त्यहाँ हंगकंग क्रिष्टियन सेवा अन्तर्गत रहेको जातीय अल्पसंख्यक बासिन्दाको लागि सद्भाव र संवर्धन केन्द्र (CHEER) द्वारा प्रदान गरिएको टेलिफोन दोभासे सेवा *(TELIS)* प्रयोग गर्न उसलाई हाम्रा कर्मचारीले मद्दत गर्न सक्छन। |
| वर्तमानमा रहेका उपायहरू | ***<u>दोभासे सेवा</u>*** <br><br> • भाषा पहिचान कार्ड जसमा भाषा इन्डोनेसिया, हिन्दी, नेपाली, पंजावी, उर्दु, तग्लोग, थाई र भियतनामी सहितका आठ अन्य भाषाहरू हुन्छन, हाम्रा कर्मचारीसँग व्यक्तिले बोलेका अन्य भाषा |

पहिचान गर्नमा मद्दत गर्नको लागि 5/F, CSWGO मा स्पष्ट रूपमा प्रदर्शन गरिएको छ।

- AFCD रिसेप्सन काउन्टर कर्मचारीलाई एक मार्गनिर्देशन, भाषा पहिचान कार्ड, र प्रतिक्रिया क्यू कार्ड प्रदान गरिएको हुन्छ जसमा रुचाइएको भाषाको पहिचान गर्न र TELIS को उपयोग गर्नको लागि विविध जातिका व्यक्तिको सहमति प्राप्त गर्नको लागि आठ अन्य भाषाहरू सामिल छन् ।

- AFCD रिसेप्सन काउन्टर कर्मचारीले त्यसपछि विभिन्न जातिका मानिसलाई मद्दत गर्नको लागि आवस्यकता अनुसार, आवश्यक दोभासे सेवाको लागि TELIS लाई सम्पर्क गर्नेछन् ।

*अन्य भाषामा लिफलेट*

- "सार्वजनिक स्थलमा कुकुरलाई ह्यान्डल गर्नको लागि गर्न हुने र गर्न नहुने" *(चाइनिज, अंग्रेजी, तग्लोग, इन्डोएसियन र थाई)* को लिफलेट वेवसाइटमा डाउनलोडको लागि उपलब्ध छ (https://www.pets.gov.hk/english/publications_and_downloads/leaflets-and-booklets.html) । जब स्टक रहन्छ, यो पशु व्यस्थापन केन्द्र/ खोप केन्द्र र रिसेप्सन केन्द्रमा पनि उपलब्ध हुन्छ ।

*सेवाग्राहीका प्रतिकृया/ सुझाव र कर्मचारीको लागि प्रशिक्षण*

- विभिन्न जातिका मानिसबाट सेवामा गर्नुपर्ने सुधारको लागि आएका प्रतिक्रिया र सुझावहरू *5/F,* CSWGO को रिसेप्सन काउन्टरमा रेकर्ड र मन्न गरिनेछ ।

- जातीय समानताप्रति उनीहरूको सचेतना र संवेदनशीलता अभिवृद्धि गर्न सम्बन्धित स्टाफका लागि प्रशिक्षण र अनुभव साझा सत्रहरूको व्यवस्था गरिएको छ । सम्बन्धित कर्मचारीहरूलाई भेदभाव-

विरोधी अध्यादेशको पाठ्यक्रममा र कर्मचारीहरूको लागि समान अवसरको प्रशिक्षणमा भाग लिन प्रोत्साहन गरिन्छ ।

| | |
|---|---|
| भविष्यको कार्यको मुल्यांकन | • विभिन्न जातिका मानिसबाट सेवामा गर्नुपर्ने सुधारको लागि आएका प्रतिक्रिया र सुझावहरू संकलन गरिनेछ र 5/F, CSWGO को रिसेप्सन काउन्टरको सेवामा आवश्यक र उपयुक्त ठाउँमा अझ वृद्धि गर्नुपर्छ कि नाइँ भनेर विचार गरिन्छ ।<br>• 5/F, CSWGO को रिसेप्सन काउन्टरमा प्रदान गरिने सेवाको समिक्षा र लगातार सुधारको लागि कर्मचारीका प्रतिक्रिया र सुझावहरू पनि संकलन गरिनेछ ।<br>• भविष्यमा नयाँ लिफलेट बनाउने बेला, AFCD ले प्रासंगिक वेबसाइटमा अपलोड गर्न र / वा आवश्यक परेको बेला वितरण गर्नको लागि अन्य भाषामा लिफलेट उपलब्ध गराउनको लागि माग/ आवश्यकताको आकलन गर्नेछ । |
| लिएका अतिरिक्त उपाय / लिनुपर्ने उपाय | • AFCD ले विविध जातिका मानिसहरूको आवश्यकतालाई ध्यानमा राख्नेछ र तिनीहरूको जातिगत पृष्ठभूमिका बाबजुत जनताका सबै सदस्यलाई सार्वजनिकरुपमा समान तरिकाले 5/F, CSWGO को रिसेप्शन काउन्टरमा सेवाहरू सुनिश्चित गर्न आवश्यक उपायहरू लागु गर्नेछ । |

जातीय समानताको प्रवर्द्धनमा वर्तमानका र योजनाबद्ध उपायहरूको बारेमा सोधपुछको लागि, कृपया तल दिएको च्यानल मार्फत Mr Dennis WONG, Assistant Secretary (General) 1 लाई सम्पर्क गर्नुहोस् । –

| | | |
|---|---|---|
| टेलिफोन नम्बर | : | 2150 6655 |
| फ्याक्स नम्बर | : | 2311 3731 |
| इमेल | : | mailbox@afcd.gov.hk |
| हुलाक ठेगाना | : | 5/F, Cheung Sha Wan Government Offices, 303 Cheung Sha Wan Road, Kowloon |

**कृषि, मत्स्यपालन र संरक्षण विभाग**
मे 2023